# प्रभु बैंक लिमिटेड

## प्रेस बक्तव्य

### प्रभु बैंक लि. ले ग्राण्ड बैंक (नेपाल) लि. लाई एक्विजिसन गर्ने सम्बन्धमा दुई बैंक बीच एक्विजिसनका लागी प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर सम्पन्न ।

नेपालका बैंक तथा वित्तीय संस्थाहरु एकआपसमा मर्ज/एक्विजिसन हुने क्रम बढिरहेको अवस्थामा केही समय अघि सफलतापूर्वक मर्ज सम्पन्न गरेको प्रभु बैंकले ग्रान्ड बैंकलाई एक्विजिसन गर्ने सम्बन्धमा दुई बैंक बीच एक्विजिसनका लागी प्रारम्भिक सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । यसै आर्थिक बर्ष भित्र एक्विजिसन गरिसक्ने लक्ष्य लिएर सम्पन्न गरिएको उक्त समझदारीपत्रमा प्रभु बैंकका तर्फबाट सञ्चालक सुश्री कुसुम लामा र ग्राण्ड बैंक (नेपाल) लि. का तर्फबाट सञ्चालक श्री पवन अग्रवालले एक समारोहका बीच हस्ताक्षर गर्नु भएको छ ।

प्रभु बैंकको मर्जर/एक्विजिसन समितिले लामो छलफल र गहन बिश्लेषण पश्चात लिईएको निर्णयबाट नेपालको बैंकिङ्ग क्षेत्रमा आफ्नो बिद्यमान छवी र पहुँचलाई अझ फराकिलो पार्नमा सहयोग पुग्न जाने बिश्वास लिएको छ । एक्विजिसन पश्चात प्रभु बैंकको चुक्ता पूँजी पाँच अर्व वीस करोड अठासी लाख पुग्ने छ । त्यसैगरी निक्षेप पैंतालीस अर्व नब्बे करोड त्रिपन्न लाख पुग्नेछ भने कुल कर्जा उनान्चालिस अर्व पाँच करोड त्रियानब्बे लाख पुग्ने छ । एक्विजिसन पश्चात प्रभु बैंकको निश्कृय कर्जा अनुपात १६.१७ प्रतिशत तथा पूँजीकोष प्रतिशत १०.२० हुनेछ ।

ग्राण्ड बैंक (नेपाल) लि. लाई एक्विजिसन गरे पश्चात प्रभु बैंकको शाखा संख्या १३४ तथा एटिएम संख्या १२४ हुनेछ ।

ग्राण्ड बैंक (नेपाल) लि. को DDA प्रतिवेदन प्राप्त भए पश्चात शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) कायम गर्न तथा कर्मचारीको सम्बन्धमा प्रभु बैंक लिमिटेडको संचालक समिति र संयुक्त एक्विजिसन समितिले निर्णय गरे बमोजिम गर्न दुवै पक्षको सहमती भएको छ ।

धन्यवाद !

मिति २०७१/१०/१५ गते